# शाखारहित घुम्ती बीमा सेवा सम्वन्धी मार्गदर्शन, २०७६

आम जनता समक्ष सहज ढंगले न्यूनतम लागतमा घरदैलोमा नै विभिन्न माध्यमबाट बीमा सुविधापुर्याउन वाञ्छनीय भएकोले, बीमा समितिले बीमा ऐन, २०४९ को दफा ८(घ२)ले दिएको अधिकार प्रयोग गरी देहायको मार्गदर्शन बनाएको छ।

परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मार्गदर्शनको नाम **"शाखा रहित घुम्ती बीमा सेवा सम्बन्धी मार्गदर्शन, २०७६"** रहेको छ।

(२) यो मार्गदर्शन तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,

(क) **"बीमा समिति"** भन्नाले बीमा ऐन, २०४९ को दफा ३ बमोजिम गठित समिति सम्झनु पर्छ।

(ख) **"घुम्ती बीमा सेवा"** भन्नाले बीमित रहेको स्थान वा बीमितको घरदैलोमा नै बीमक पुगी विक्री गरिने बीमा सम्झनु पर्छ।

(ग) **"बीमक"**भन्नाले बीमा ऐनको दफा १० बमोजिम बीमक दर्ता प्रमाणपत्र प्राप्त संगठित सँस्था सम्झनु पर्छ।

(घ) **"सञ्चालक समिति"** भन्नाले बीमकको सञ्चालक समिति सम्झनु पर्छ।

परिच्छेद-२

## शाखा रहित घुम्ती बीमासेवा

३. **घुम्ती बीमा सेवा सञ्चालन गर्न सक्नेः** (१) बीमकले यस मार्गदर्शनको अधीनमा रही घुम्ती बीमा सेवा उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम घुम्ती बीमा सेवा उपलव्ध गराउँदा बीमकले समितिबाट स्वीकृत बीमालेख विक्री गर्नु पर्नेछ।

४. **लघुबीमालाई प्राथमिकता दिनुपर्नेः** घुम्ती बीमा सेवा प्रदान गर्दाबीमकले देहाय बमोजिमका बीमालेखलाई प्राथमिकता दिनु पर्नेछः

(क) सावधिक जीवन बीमा,

(ख) म्यादी जीवन बीमा,

(ग) कृषि बीमा,

(घ) लघुबीमा,

(ङ) दुर्घटना बीमा,

(च) घरबीमा (रु ५० लाख सम्मको)।

५. **घुम्ती बीमा गर्न नपाइनेः** (१) जीवन बीमा व्यवसाय गर्ने बीमकले घुम्ती बीमा सेवा अन्तर्गत देहाय बमोजिमका बीमा गर्न पाउने छैनः

(क) रु पाँच लाख भन्दा बढी बीमाङ्क कायम भएकोकुनै पनि जीवन बीमा,

(ख) एकल बीमाशुल्क भएको जीवन बीमा,

(ग) बैदेशिक रोजगारी म्यादी जीवन बीमा।

(३) निर्जीवन बीमा व्यवसाय गर्ने बीमकले घुम्ती बीमा सेवा अन्तर्गत देहाय बमोजिमको बीमा गर्न पाउने छैनः

(क) सामुन्द्रिक बीमा,

(ख) हवाई बीमा,

(ग) इन्जिनियरिङ बीमा,

(ङ) मोटर बीमा।

६. **घुम्ती बीमा सेवा प्रदान गर्नुपर्ने क्षेत्रः** (१) बीमकले महानगरपालिका वा उपमहानगरपालिका भित्र घुम्ती बीमा सेवा उपलब्ध गराउन पाउने छैन।

तर, जीवन बीमा व्यवसाय गर्ने बीमकले महानगरपालिका वा उपमहानगरपालिका भित्र रहेका सीमावर्ती वार्डहरुमा भने घुम्ती बीमा सेवा उपलब्ध गर्न बाधा पुगेकोमानिने छैन।

(२) निर्जीवन बीमा व्यवसायगर्ने बीमकका लागिकृषि तथा पशुपन्छी बीमा जारी गर्ने प्रयोजनका लागि तोकिएका जिल्लाहरुमा सम्बन्धित बीमकले अनिवार्य रुपमा घुम्ती बीमा सेवा संचालन गर्नुपर्नेछ।

७. **बीमा गर्नुपर्नेः**(१) बीमकले घुम्ती बीमा सेवा सञ्चालन गर्नका लागि संलग्न कर्मचारीको दुर्घटना बीमा गर्नु पर्नेछ।

(२) बीमकले घुम्ती बीमा सेवा सञ्चालन गर्नको लागि प्रयोग भएका सवारी साधन तथा नगद सहित अन्य सम्पत्तिको बीमा गर्नु पर्नेछ।

८. **ग्राहक भएको स्थानमा नै पुग्नुपर्ने:** बीमकले सवारी साधनमा वा पैदल हिँडेर वा कुनै निश्चित स्थानमा बसेर वा घरदैलो कार्यक्रम गरेर वा अन्य कुनै तरिकाले ग्राहक भएको स्थानमा नै पुगी घुम्ती बीमा गराउनु पर्नेछ।

९. **शाखा कार्यालयसङ्ग समन्वय गर्नुपर्ने:** घुम्ती बीमा सेवा सञ्चालन गर्दा उक्त सेवा सञ्चालन गरिने स्थान नजिक रहेको शाखा कार्यालयमा छुट्टै घुम्ती बीमा डेस्क स्थापना गरी गर्नुपर्नेछ।

१०. **कर्मचारीको प्रयोग गर्नुपर्ने:**घुम्ती बीमा सेवा प्रदान गर्दा बीमकको कर्मचारीको प्रयोग गर्नुपर्नेछ।

११. **रसिद दिनुपर्ने:** (१) बीमकले घुम्ती बीमा जारी गर्दा बीमा बापतको पूरा बीमाशुल्क लि ईबीमितलाई रसिद दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम जारी भएका रसिदको एक प्रति बीमकले सुरक्षित राख्नु पर्नेछ।

१२. **बैंक दाखिला गर्नुपर्ने:**घुम्ती बीमा कारोवारबाट संकलन भएको बीमाशुल्क सोही दिन वा सो दिन पछि बैंक खुलेको दिन बैंक दाखिला गर्नुपर्नेछ।

**परिच्छेद-२**

## विविध

१३. **पूर्वाधार तयार गर्नुपर्ने:**बीमकले घुम्ती बीमा सेवा सञ्चालन गर्नको लागि सूचना प्रविधिको उपयुक्त पूर्वाधार तयार गर्नु पर्नेछ।

१४. **सवारीको लगवुक राख्नुपर्ने:** घुम्ती बीमा सेवामा सवारी साधन प्रयोग गर्दा सवारी साधनको लगवुक तथा अन्य कागजात तयार गर्नुपर्नेछ।

१५. **सुरक्षाको व्यवस्था गर्नुपर्ने:** बीमकले घुम्ती बीमा सेवा उपलब्ध गराउने स्थान, कर्मचारी तथा पूर्वधारको पर्याप्त सुरक्षा प्रवन्ध गर्नुपर्नेछ।

१६. **घुम्ती बीमा सेवा सम्बन्धी निर्णय गर्नुपर्ने:** घुम्ती बीमा सेवा सम्बन्धी निर्णय सञ्चालक समितिले गर्नु पर्नेछ।

१७. **समन्वय गर्न सक्ने:** (१) बीमकले घुम्ती बीमा कार्यत्र ऽम संचालन गर्दा सम्बन्धित बीमक संघ वा जीवन बीमक संघ वा दुवै संघसँग समन्वय गरी संचालन गर्न सक्नेछ।

(२) एक वा एक भन्दा बढी बीमकहरू एक आपसमा समन्वय गरी घुम्ती बीमा सेवा सञ्चालन गर्न सक्नेछन।

(३) उपदफा (१) र (२) बमोजिम कार्यत्र ऽम संचालन गर्दा आवश्यकता अनुसार समितिले समेत सहयोग गर्न सक्नेछ।

१८. **कार्यविधि तयार गर्नुपर्ने:** बीमकले यस मार्गदर्शनको अधीनमा रही आवश्यकता अनुसार घुम्ती बीमा सेवा सम्बन्धी कार्यविधि तयार गर्नुपर्नेछ।

१९. **तथ्याङ्क उपलब्ध गराउनु पर्ने:** बीमकले घुम्ती बीमा सेवाको माध्यमबाट विक्री गरेको बीमाको बारेमा अनुसूची बमोजिमको ढाँचामा त्रैमासिक विवरण समिति समक्ष उपलब्ध गराउनु पर्नेछ।

२०. **व्याख्या गर्ने अधिकार:** यो मार्गदर्शनको प्रयोगमा कुनै दुविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने अधिकार समितिमा रहनेछ।

अनुसूची-१

| क्र.सं. | मिति | घुम्ती बीमा सेवा प्रदानस्थल | | | | | संयोजक शाखा | बीमालेख विक्री संख्या | कूल बीमाङ्क रकम | विक्रि भएका वीमालेखका प्रकारहरू | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | प्रदेश | जिल्ला | पालिका | वडा | टोल | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**घुम्ती बीमा सेवा सम्बन्धी विवरण**